# प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश, बुटवल

प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेश बुटवल, नेपाल

सूचना नं.: २३४/०८२-०८३ मिति: २०८३।०२।०४

## स्थगन भएका जेष्ठता कार्यसम्पादन र कार्यक्षमताको मूल्याङ्कनबाट हुने बढुवाको दरखास्त फाराम सङ्कलन कार्यक्रम पुनः सञ्चालन सम्बन्धमा ।

यस आयोगबाट मिति २०८२/०८/२६ मा प्रकाशित सूचना बमोजिम स्थानीय तहको पदपूर्तिका लागि विज्ञापन गरिएका पदहरूको सम्बन्धमा सम्मानित उच्च अदालत तुलसीपुर बुटवल इजलासको मुद्दा नं. ०८२-WO-०१०८ उत्प्रेषण परमादेश जारी गरी यथास्थितिमा राख्ने आदेशानुसार आयोगको मिति २०८२।०९।२४ मा यथास्थितिमा राखिएकोमा सम्मानित उच्च अदालत तुलसीपुर बुटवल इजलास, रुपन्देहीको च.नं. ११००९, मिति २०८३।०१।०९ मा प्राप्त पत्र अनुसार मुद्दा नं. ०८२-WO-०१०८, रिट निवेदक इन्द्र लाल सापकोटा विपक्षी प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश समेत भएको उत्प्रेषण मिश्रित परमादेश समेत मुद्दामा मिति २०८२।१२।०९ मा भएको फैसलाको पूर्ण पाठ मिति २०८३।०१।०७ मा प्रमाणिकरण भई प्राप्त भएको फैसलामा "**विज्ञापन सम्बन्धी बाँकी कारवाही हाल जे जुन अवस्थामा छ, सोही अवस्थामा यथास्थितिमा राखी बाँकी कारवाही अघि नबढाउनु भनी विपक्षीहरुको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम अन्तरिम आदेश समेत जारी भएको अवस्था रहेता पनि विपक्षीबाट प्रकाशन गरिएको विज्ञापनलाई उत्प्रेषणयुक्त परमादेश जारी गरी बदर गर्नु पर्ने अवस्थाको विद्यमानता देखिएन । उक्त अन्तरिम आदेश अब कायम हुने अवस्था छैन ।**" भनी कार्यान्वयनका लागि प्राप्त भएको हुँदा देहाय बमोजिमका सूचना नं. र बढुवा सूचना नं का विज्ञापनहरूको बढुवा दरखास्त फाराम सङ्कलन कार्य पुनः सञ्चालन गरिएको वेहोरा आयोगको मिति २०८३।०२।०४ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

| क्र.सं. | सूचना नं. | बढुवा सूचना न. | पद | सेवा, समूह, उपसमूह | तह | बढुवाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | १४९/०८२-८३ | २५/०८२-८३ | उपसचिव/उपनिर्देशक | स्थानीय प्रशासन/सामान्य प्रशासन | अधिकृतस्तर नवौं | जेष्ठता र कार्यसम्पादन |
| २ | १४९/०८२-८३ | ४४/०८२-८३ | डिभिजनल इन्जिनियर | स्थानीय इन्जिनियरिङ/सिभिल | अधिकृतस्तर नवौं | जेष्ठता र कार्यसम्पादन |
| ३ | १५०/०८२-८३ | ४८/०८२-८३ | उपसचिव/उपनिर्देशक | स्थानीय प्रशासन/सामान्य प्रशासन | अधिकृतस्तर नवौं | कार्यक्षमता मूल्याङ्कन |
| ४ | १५०/०८२-८३ | ८०/०८२-८३ | डिभिजनल इन्जिनियर | स्थानीय इन्जिनियरिङ/सिभिल | अधिकृतस्तर नवौं | कार्यक्षमता मूल्याङ्कन |

**बढुवाका लागि दरखास्त पेश गर्न तोकिएको म्याद र पेश गर्नुपर्ने कागजातहरू:**

**दरखास्त पेश गर्ने म्याद र स्थान:-** मिति २०८३।०२।०५ गते देखि २०८३।०२।११ गते सम्म कार्यालय समय भित्र

**पेश गर्नुपर्ने कागजातहरू:-** मिति २०८२।०८।२६ मा प्रकाशित सूचना नं. १४९, १५०/२०८२-०८३ बाट विज्ञापन सूचनामा तोकिए अनुसारका कागजातहरू,

**पेश गर्नुपर्ने फारामहरू:-** आयोगको वेबसाइट ppsc.lumbini.gov.np को "फारामहरू" बाट Download गरी:

- ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको दरखास्त फाराम,
- पछिल्लो पाँच वर्षको कार्यसम्पादन मुल्याङ्कन फाराम बुझाएको निकाय/ कार्यालयहरुको विवरण भर्ने फाराम,
- बढुवाको फाराम पेश गर्दा तयार गरी पेश गर्नुपर्ने चेकलिष्ट,
- उम्मेदवारको अनुभव, असाधारण बिदा र अन्य आवश्यक विवरण सम्बन्धी फाराम,

**दरखास्त दस्तुर:-** विज्ञापन प्रकाशन गर्दा सूचनामा तोकिए अनुसार राजस्व बुझाएको सक्कलै बैंक भौचर

२०८३।०२।०४

..........

( राम प्रसाद भट्टराई )

प्रवक्ता